छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
५ नं. प्रदेश नेपाल ।

# कवाडी सामान उठाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०७६/०५/१७**

यस गाउँपालिका भित्र आ.व.२०७६/७७ को लागि निम्न शर्तहरुको अधिनमा रही कवाडी सामान उठाउने प्रयोजनको लागि इच्छुक व्यवसायी, फर्म वा व्यक्तिले सूचना प्रकाशित भएको मितिले निम्न लिखित शर्तको अधिनमा रही फर्म दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, व्यवसाय नवीकरण प्रतिलिपि सहित शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्रको निवेदन तोकिएको दस्तुर तिरी निर्धारित समयभित्र दर्ता गराउनु पर्नेछ ।म्याद नाघेको वा रित नपुऱ्याई पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोही दिनको भोलिपल्ट पेश गर्न सकिनेछ ।

२. निवेदन दर्ता १५औं दिनको १२.०० बजेभित्रै गर्नुपर्नेछ ।दर्ता भएका निवेदनहरु सोही दिनको २.०० बजे खोलिनेछ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा छत्रकोट गाउँपालिका क्षेत्रभरको लागि पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत हुने व्यक्ति वा फर्मले स्वीकृत कबोल अंकको २५ प्रतिशत रकम सम्झौता हुँदाका बखत नै भुक्तानी गर्नुपर्नेछ ।

५. कुनै पनि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. यस सम्बन्धमा थप बुझ्नु परेमा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

७. कवाडी उठाउने क्षेत्र एवं न्यूनतम रकम देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | कवाडी उठाउने क्षेत्र | न्यूनतम रकम रु.(भ्याट सहित) | राजश्व रकम रु. |
|---|---|---|---|
| १. | छत्रकोट गाउँपालिका क्षेत्रभर | १९५५००.०० | १०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

फोन नं. - ९८५७०६७९०८ | ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np